# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०७७।०५।२५

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ अर्घाखाँची शाखाका सचिव सूर्यप्रसाद भुसाललाई अर्घाखाँचीको शीतगंगा नगरपालिका-३ निवासी महेन्द्र कुँवरले सामाजिक सञ्जालमार्फत धम्क्याएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

हाल काठमाडौं बस्दै आएका कुँवरले सचिव भुसालको नामै तोकेर जे पनि गर्न सक्ने भन्दै जिल्लाका अन्य पत्रकारलाई समेत तल्लो स्तरको घृणित शब्दको प्रयोग गरी सामाजिक सञ्जालमार्फत पोष्ट गरेर धम्क्याएका थिए ।

स्वतन्त्ररुपमा काम गर्ने पत्रकारलाई सामाजिक सञ्जालमार्फत तल्लो स्तरको घृणित शब्द प्रयोग गरी ठाडो चुनौती दिने निज कुँवरलाई कानुनी दायरामा ल्याउन र भयरहित पत्रकारिता गर्ने वातावरण निर्माण गर्न महासंघ सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट

महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org